दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १२५ | बुटवल | २०८३ बैशाख २२ गते, मंगलबार | नेपाल संवत ११४६ | Tuesday May 05, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



कला जोगाऔं, संस्कृति बचाऔं ।

-कलालाई सिर्जनशील, राष्ट्रको परिचय र सभ्यताको प्रतिकको रुपमा बुझौं,
- चित्रकला, गीत-संगीत, नृत्य, नाटकलगायत सबै कलाको सम्मान गरौं,
- स्थानीय कलाकार तथा स्रष्टाहरूलाई प्रोत्साहन र सहयोग गरौं ।
- हाम्रो मौलिक संस्कृति र परम्परालाई कलामार्फत जोगाऔं,
- विद्यालय तथा समुदायमा कला शिक्षाको प्रवर्द्धन गरौ,
- सार्वजनिक स्थानहरूमा कलाको संरक्षण र प्रवर्द्धनमा ध्यान दिऔं,
- युवा पुस्तालाई सिर्जनात्मक गतिविधिमा सहभागी गराऔं,
- कलामार्फत सकारात्मक सन्देश र सामाजिक सचेतना फैलाऔ ।
- सांस्कृतिक विविधताको सम्मान गर्दै एकता बलियो बनाऔं,
- कला विकासमार्फत पर्यटन र आर्थिक समृद्धिमा टेवा पुयाऔं ।

नेपाल सरकार विज्ञापन बोर्ड


# घर भत्काइएका भक्तराजको प्रश्न : आठ घर मात्रै भत्काइयो, डेढ दर्जन बढी घर किन बचाइयो ?

**लुम्बिनी संवाददाता**

*बुटवल*



यही बैशाख १३ गते उच्च अदालत बुटवल अगाडिको बस्तीमा डोजर लगाएर घर भत्काइएका पीडितले एकै प्लटमा रहेका अरु डेढ दर्जन घरहरू के-कति कारणले भत्काइएन भन्ने प्रश्न उठाएका छन् ।

घर भत्काइएका भक्तराज बस्नेतले आफूलाई राजनीतिक पीडितका रूपमा सरकारले नै निर्णय गरेर दिएको जग्गामा बनाएको सहित अरु ७ घर कुनै विकल्प नदिई भत्काइएको तर एउटै प्लटका अरु डेढ दर्जन बढी घर जोगाउनुको कारण बुझ्न नसकेको बताए ।

बैशाख १२ गते साँझ अबेर बुटवल उप-महानगरले घर खाली गर्न सूचीत गर्दै गरेको माइकिङमा साविकको कित्ता नं. ३९६ (हाल ७,८,१२, १३,२,५,१४ लगायत कित्तामा पर्ने २ बिघा ५ कठ्ठा १४ धुर भित्र बनेका संरचनाहरु हटाउन भनिएको थियो । तर उप-महानगरले एक दिनको समय समेत नदिई बैशाख १३ गते ८ वटा घर मात्र भत्काएको थियो । उपमहानगरले जारी गरेको सूचना अनुसार कित्ता नं. १३ का घरहरु मात्र भत्किाइएको र अरु कित्तामा बनेका डेढ दर्जन बढी घरहरु नछोइएको बस्नेतले बताए ।

उप-महानगरको यस्तो विभेदपूर्ण व्यवहारले आफूसहित ८ परिवार अन्यायमा परेको बस्नेतको तर्क छ । 'केही घर मात्रै भत्काउनु र बाँकीलाई नछुनुमा उप-महानगरको नेतृत्वको पक्षपातपूर्ण र राजनीतिक पूर्वाग्रहपूर्ण व्यवहार हो कि भन्ने आशंका उब्जेको छ ।'-बस्नेतले भने ।

उप-महानगरले खाली गर्न भनी माइकिङ गरेको जग्गा तत्कालीन लुम्बिनी अञ्चलाधीश कार्यालयको नाममा रहेको जग्गा हो । उक्त जग्गा पछि उच्च अदालत तुल्सीपुर बुटवल इजलासको नाममा भोगाधिकार दिइएको थियो ।

संघीय सरकारले काठमाडौंका सुकुम्वासी बस्ती खाली गराउन सुरु गरेपछि स्थानीय सरकारहरू पनि अतिक्रमित जग्गा संरक्षण गर्न थालेका थिए ।

उक्त सरकारी जग्गामा बसेको वस्ती हटाउन २०७० सालमै स्थानीय तिलोत्तमा दैनिकमा सूचना जारी गरिएको थियो । तर बस्ती हटेको थिएन । त्यहाँ बनेका टहरा अधिकांश चिया पसल र रेष्टुरेण्ट थिए ।

उप-महानगरले भत्काएका अन्य ७ घर र बस्नेतको जग्गाको प्रकृति फरक रहेको बस्नेतको दाबी छ ।

उनले यथेष्ट प्रमाणहरू हुँदाहुँदै पनि अन्यायपूर्ण तरिकाले आफूहरुका घर भत्काइएको तर सोही क्षेत्रमा रहेका पहुँचवालाको घरहरु भने मेयर, उपमेयर र नगर प्रहरीले बचाएको आरोप लगाएका छन् । बिसं २०४७ सालमा गुल्मीको नयाँगाउँमा अतिक्रमित सार्वजनिक जग्गा खाली गराउने क्रममा तत्कालीन काँग्रेस नेता जयप्रताप मल्लले हानेको गोली लागेर बस्नेत घाइते भएका थिए । उनको शरीरमा अहिले पनि गोली रहेको छ ।

राज्यको जग्गा अतिक्रमण रोक्न भूमिका निर्वाह गर्दा गोली लागेपछि तत्कालीन संयुक्त सरकारले उपचार खर्च र क्षतिपूर्ति दिने निर्णय गरेको थियो । सोही निर्णयका आधारमा २०५२ सालमा सुकुम्वासी समस्या समाधान आयोगमार्फत् उनले बुटवलमा एक कठ्ठा जग्गा पाएका थिए । सोही जग्गामा घर निर्माण गरी विगत तीन दशकदेखि परिवारसहित बसोबास गर्दै आएका थिए ।

उप-महानगरपालिकाले एक दिन पनि समय नदिएर डोजर चलाएको भन्दै उनले गम्भीर आपत्ति जनाएका छन् । राति करिब ८ः३० बजे माइकिङ गरेर सूचना दिइएको र भोलिपल्ट बिहानैबाट घर खाली गराउने तयारी गरिरहेका बेला दुई घण्टा समय माग्दा नदिई डोजर लगाइएको उनको गुनासो छ ।

'पाकेको खाना खानसमेत नदिई डोजर लगाइयो, हामीले सामान निकाल्न समय माग्दा मेयर, उपमेयर, वडाध्यक्ष र नगर प्रहरी प्रमुख कसैले सुनेनन् ।

'-बस्नेतले भने । सामान निकाल्न नपाउँदा धेरै धनमाल नोक्सान भएको उनको गुनासो छ ।

सूचनामा उल्लेख भएका अन्य डेढ दर्जन बढी घर भने अहिलेसम्म नभत्काइएको उनले बताएका छन् । 'मलाई र मेरो नजिक घर रहेकालाई नै लक्षित गरेर भत्काएको जस्तो देखिन्छ, नत्र अन्य घर किन बाँकी राखियो ?'- उनले भने ।

आफू सरकारी निर्णयका आधारमा प्राप्त जग्गामा बसेको स्पष्ट पार्दै कुनै अतिक्रमण नगरेको उनले बताए ।

उप-महानगरपालिकाले २०७७ सालमा गठन गरेको जग्गा छानबिन उप-समितिले समेत उनलाई राजनीतिक पीडितका रूपमा उल्लेख गरेको थियो । 'राज्यले दिएको जग्गामा बनाएको घर क्षणभरमै ध्वस्त पारियो, हामीलाई क्षतिपुर्ति दिनुपर्छ ।'-उनले भने ।

बस्नेतले यस विषयमा निष्पक्ष छानबिन गरी न्याय दिलाउन पत्रकार र सरोकारवाला निकायसँग पुनः सहयोगको अपेक्षा गरेका छन् । आफूमाथि गरिएको अन्यायका विरुद्ध कानुनी लडाइको लागि अदालत जान थालेको बस्नेतले बताए ।

बस्नेतलाई घरमा रहेका सामान निकाल्न दुई घन्टा पनि समय नदिएका बुटवलका मेयर, उपमेयरले आइतबार सुकुम्वासीको हजारौंका संख्यामा रहेको विरोध सभामा पुगेर संघीय सरकारले दिएको निर्देशन नमान्ने भन्दै उनीहरूको घर नभत्काइने प्रतिबद्धता गरेपछि बस्नेत थप आक्रोशित भएका छन् ।

'हामीलाई सामान निकाल्न २ घण्टा समय दिनुस् भन्दा नसुनेर सिधैं डोजर चलाइयो, तर अहिले मेयर-उपमेयरले सुकुम्वासीको भेलामा गएर हामीहरू तपाईंको पक्षमा छौं, बस्ती हटाउँदैनौं भन्नुभएको छ,' बस्नेतले भने-' उहाँहरुको व्यवहारले हामी ८ परिवारमाथि सिधैं प्रतिशोध सांधेको देखियो ।'

उच्च अदालत तुल्सीपुर बुटवल इजलासका सूचना अधिकारी धिरेन्द्रकुमार सुवेदीले अदालतले साविक ३९६ कित्ताअन्तर्गत २ बिघा ५ कठ्ठा १४ धुरमा बनेका सबै संरचना हटाउन जिल्ला प्रशासन र उपमहानगरलाई पत्राचार गरेको हुँदा अन्य संरचनाहरु क्रमशः खाली गराइने बताए ।

## उठिबास रोक्न माग गर्दै मुख्यमन्त्रीलाई ज्ञापनपत्र



बुटवल । दाङका भूमिहीन, सुकुम्वासी तथा अव्यवस्थित बसोवासीका प्रतिनिधिहरूले लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य समक्ष ज्ञापनपत्र बुझाएका छन् ।

संघर्ष समितिले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुझाएको ज्ञापनपत्रमा आवास, जीविकोपार्जन र खाद्य सुरक्षालाई नागरिकको मौलिक हक भएको उल्लेख गर्दै विकल्प नदिई गरिब नागरिकलाई उठिबास गर्नु मानवअधिकारविपरीत हुने स्मरण गराइएको छ ।

ज्ञापनपत्रमा सरकारले देशका विभिन्न स्थानमा, विशेषगरी लुम्बिनी प्रदेशका जिल्लामा बस्ती खाली गर्नेसम्बन्धी सूचना जारी गरेको भन्दै त्यसप्रति गम्भीर आपत्ति जनाइएको छ । पहिचान, लगत संकलन र प्रमाणीकरणजस्ता प्रक्रिया पूरा नगरी उठिबास गर्न खोजिएको आरोप समेत लगाइएको छ ।

संघर्ष समितिले बसोबाससम्बन्धी जारी सूचना तत्काल खारेज गर्न, कुनै पनि प्रकारको जबरजस्ती उठिबास नलगाउन तथा स्थानीय तह र प्रदेश सरकारसँग समन्वय गरेर मात्रै निर्णय लिन माग गरेको छ ।

यस्तै, वैकल्पिक सुरक्षित आवासको सुनिश्चितता नगरी उठिबास प्रक्रिया अघि नबढाउन, मानवअधिकार तथा संवैधानिक प्रावधानको पूर्ण पालना गर्न र भूमि समस्या समाधान आयोगमार्फत् जग्गाधनी प्रमाण पुर्जा वितरण कार्यलाई निरन्तरता दिनुपर्ने माग गरिएको छ ।

यसैबिच मुख्यमन्त्री चेतनारायण आचार्यले नागरिकलाई संरक्षण गर्नुपर्ने समयमा उल्टै अलपत्र पार्ने खालका गतिविधि भइरहेको भन्दै चिन्ता व्यक्त गरेका छन् । उनले संघीय सरकारले यस विषयमा पुनः विचार गर्नुपर्ने आवश्यकता औंल्याउँदै राज्यले संरक्षकको भूमिकामा रहनुपर्ने बताए ।

उनले तीन तहका सरकारबिच समन्वय गरेर दीर्घकालीन समाधान खोज्नुपर्नेमा जोड दिंदै नागरिकको दबाब र संवेदनशीलतालाई ध्यानमा राखेर निर्णय लिन आग्रह गरे ।

## दीपक भट्टलाई अदालतमा उपस्थित गराउन आदेश



बुटवल । थुनामा रहेका व्यवसायी दीपक भट्टलाई लिखित जवाफसहित सर्वोच्च अदालतमा उपस्थित गराउन आदेश भएको छ ।

सोमबार सर्वोच्चका न्यायाधीश अव्दुल अजीज मुसलमानको इजलासले सुनुवाइ सकिएपछि काठमाडौं जिल्ला अदालत, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र प्रहरीका नाममा यस्तो आदेश गरेको हो ।

भट्टलाई थुनामुक्त गर्न माग गर्दै उनकी पत्नी आयुस्मा नेपालले बन्दीप्रत्यक्षीकरण रिट दायर गरेकी थिइन् । सर्वोच्चले बन्दीसँगै पक्राउको कारणसहित लिखित जवाफ पेस गर्न समेत आदेश गरेको छ ।

अकुत सम्पत्ति आर्जनको आरोपमा व्यवसायी भट्टलाई गत चैत १९ गते काठमाडौंको नक्सालबाट पक्राउ गरिएको थियो । सम्पत्ति शुद्धीकरणको अनुसन्धानका लागि काठमाडौं जिल्ला अदालतबाट थुना म्यादको अनुमति लिएर भट्टलाई सीआईबीको प्रहरी हिरासतमा राखिएको छ ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले भट्टको सम्पत्तिमाथि अनुसन्धान सुरु गरेको छ । उनको राहदानी समेत कालोसूचीमा राखिएको छ ।

## ४३ लाख बढीको भेपसहित एक पक्राउ

बुटवल । बुटवलबाट ४३ लाख रुपैयाँ बढी मूल्यको हुक्काको भेपसहित एकजना पक्राउ परेका छन् । इलाका प्रहरी कार्यालय बुटवलबाट खटिएको टोलीले बुटवल उप-महानगरपालिका ११ कालिकानगरबाट ३५ वर्षीय पिंकु जयसवाललाई ४३ लाख बढीको हुक्काको भेपसहित पक्राउ गरेको हो । जैसवाल बुटवल ११ कालिकानगरमै बस्दै आएका थिए । जयसवालले गोदाम भाडामा लिएर भण्डारण गरेको ठाउँबाट भेपसहित उनलाई पक्राउ गरिएको रुपन्देही प्रहरी प्रवक्ता डीएसपी कृष्णकुमार चन्दले बताए ।

बरामद भएको समानहरुमा हुक्काको भेप १५७ वटा, हुक्कामा प्रयोग हुने कोइला ९ हजार ४२२ वटा, हुक्कामा प्रयोग हुने फ्लेवर ५५२ वटा, हुक्का सेट १९०, हुक्का बेस ३३ वटा, हुक्काको एअर बलर ४५ वटा, हुक्काको पाइप ६ सय वटा रहेका डीएसपी चन्दले बताए ।

त्यसैगरी प्रहरीले हुक्का प्लाउट सय वटा, हुक्का चिलिम ७०० वटा र हुक्का हिटर २२ वटा पनि बरामद गरेको छ ।

पक्राउ परेका जयसवाललाई बरामद सामानसहित थप अनुसन्धान तथा कारबाहीका लागि भैरहवा भन्सार कार्यालयमा पठाइएको डीएसपी चन्दले जानकारी दिए ।

## अध्यादेशको औचित्य पुष्टी गर्न विपक्षी सांसदको चुनौती

बुटवल । विपक्षी दलका सांसदहरूले सरकारलाई अध्यादेश ल्याउनुपर्ने अवस्था र औचित्य पुष्टि गर्न भनेका छन् । सोमबार प्रतिनिधिसभाअन्तर्गतको कानुन न्याय तथा मानव अधिकार समितिको बैठकमा सहभागी विपक्षी दलका सांसदहरूले कस्तो अवस्थामा अध्यादेश ल्याउने हो त्यो ख्याल नगरिएको भनेर प्रश्न उठाएका हुन् ।

नेपाली कांग्रेसका सांसद मदनकृष्ण श्रेष्ठले अध्यादेशबाट प्रचलित कानुन संशोधन गर्ने र नयाँ कानुन बनाउने हो भने संसद्को औचित्यमै प्रश्न उठ्ने बताए ।

'सदन छ । अध्यादेश मात्रै ल्याउने हो भने संसद्को औचित्य हुन्न । अध्यादेश पनि पछि संसद्मा ल्याउनैपर्छ । यसो हुँदा विधेयक ल्याएर अगाडि बढ्नु लोकतान्त्रिक मानिन्छ ।'- उनले भने ।

संसद् अधिवेशन नरहेका बेला सरकारले अध्यादेश ल्याउन सक्दछ । यसअनुसार सरकारले ल्याएका ७ वटा अध्यादेश जारी भएका छन् । संवैधानिक परिषद् ऐन संशोधन अध्यादेश भने राष्ट्रपति रामचन्द्र पौडेलले पुनर्विचारका लागि फिर्ता पठाएका थिए । सरकारले उक्त अध्यादेश पुनः जारी गर्नका लागि राष्ट्रपतिसमक्ष सिफारिस गरिसकेको छ ।

जारी भएका सबै अध्यादेशहरू संसद अधिवेशन सुरु भएपछि संसदमा पेस गर्नुपर्छ । संसदमा पेस भएको ६० दिनभित्र अध्यादेश प्रतिस्थापन विधेयक आएर संसदबाट पास गरिसक्नुपर्ने कानुनी व्यवस्था छ ।

कांग्रेसकै सांसद गीता गुरुङले अध्यादेशको प्रबन्ध किन राखिएको हो सोहीअनुसार सरकारले यसको प्रयोग गर्नुपर्ने बताइन् । प्रचलित कानुनले सम्बोधन गर्न नसक्ने काबु बाहिरको अवस्थामा प्रयोग गर्न सकिने अध्यादेश ल्याउने अधिकारको प्रयोग सरकारले दुरुपयोग गरेको उनको आरोप छ । 'त्यस्तो के विपद पर्‍यो र सरकार भटाभट अध्यादेश ल्याइरहेको छ ?' -सांसद गुरुङको प्रश्न छ ।

कानुन न्याय तथा मानव अधिकार समितिको बैठकमा कानुन न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतम उपस्थित थिइन् । मन्त्री गौतमले आइतबार सरकारले छद्म उद्देश्य पूर्तिका लागि नभई छिटो काम गर्नका लागि अध्यादेश ल्याएको प्रष्टीकरण दिएकी थिइन् ।

सामाजिक सञ्जाल फेसबुकमार्फत् उनले भनेकी थिइन्- 'यो अध्यादेश कुनै छद्म उद्देश्य पूर्ति गर्नका लागि ल्याइएको होइन । यो राम्रो काम गर्नका लागि, छिटो काम गर्नका लागि र सरकारलाई अझ प्रभावकारी रूपमा जनताका मुद्दा समाधान गर्नका लागि ल्याइएको हो ।'

सोमबार संसदीय समितिको बैठकमा कानुनमन्त्रीको प्रष्टीकरणको प्रसंग पनि उठ्यो ।

'मन्त्रीज्यूले संसद् अधिवेशन नरहेका बेला अध्यादेश ल्याउन पाउने भनेर स्टेटमेन्ट दिनुभएको रहेछ,' कांग्रेस सांसद गुरुङले भनिन्-'कुरा त्यो होइन । संसद् अधिवेशन बोलाएर स्थगित गरेर अध्यादेश ल्याइएको हो । एउटा गल्ती ढाकछोप गर्न अर्को गल्ती नगर्न अनुरोध गर्न चाहन्छु ।'

संविधानको धारा ११४ ले सरकारलाई अध्यादेश जारी गर्ने अधिकार दिएको छ । तर, यो अधिकारको प्रयोग गर्नुपर्ने वातावरण किन बन्यो भन्ने प्रश्न नेकपा एमालेका सांसद सुहाङ नेम्वाङको छ ।

'अध्यादेशको बाटो किन रोज्दै छौं ? संसद र संसदीय समितिमा सत्तापक्षको बाहुल्य छ ।

» बाँकी ३ पेजमा




दैनिक लुम्बिनी

# सम्पादकीय

## संसदको अपमान

संसद कानुन बनाउने थलो हो । जनताले मत दिएर पठाएका प्रतिनिधिको प्रमुख काम कानुन बनाउने हो । यो बाहेक संसदीय व्यवस्था भएको हाम्रो मुलुकमा सरकार गठन पनि संसदबाट नै हुन्छ । कानुन बनाउने थलो संसद अहिले बन्धक भएको छ । सरकारले संसद बैठक डाक्न बैशाख ८ गते राष्ट्रपतिलाई सिफारिस गऱ्यो । त्यसपछि १० गते बैठक स्थगित गर्न अर्को सिफारिस गऱ्यो । यसो गर्नुको तात्पर्य अहिले प्रष्ट भएको छ– संसदले बनाउनुपर्ने कानुन अहिले धमाधम सरकारले अध्यादेश राष्ट्रपतिलाई पठाएको छ । राष्ट्रपतिले संवैधानिक परिषद्सम्बन्धी बाहेक ६ अध्यादेश स्वीकृति गरिसकेका छन् ।

संसद छलेर सरकारले अध्यादेश ल्याएर सरकार उल्टो बाटो हिंडेको छ । संसदमा सरकारले विधेयक पेश गरेपछि प्रक्रियागत रुपमा अघि बढ्दा कानुन बनाउन ढिलाइ हुन्छ । संसदीय प्रक्रियाअनुसार कानुन बनाउँदा छलफल हुँदा कानुनका कतिपय कमजोरी हट्छन्, तर सरकारले अध्यादेश ल्याएर निरकुंश शैली देखाइरहेको छ । अध्यादेश ६० दिनभित्र पारित भए स्वतः कानुन बन्छन् । राष्ट्रिय स्वतन्त्र पार्टीको बहुमत रहेकोले संसदमा पेश भएका अध्यादेश स्वतः पारित हुन्छन् । सरकारले संसदको गरिमा र महत्वलाई स्थापित गर्न चासो दिएको भए छिटो प्रक्रिया अघि बढाएर कानुन बनाउन सकिन्थ्यो । तर सरकारले संसदको गरिमा र महत्वलाई पटक्कै हेक्का राखेन् ।

सरकारले संसदको बेवास्ता गरेको विषयले तत्काल असर नपरे पनि यसका असर सतहमा देखिंदै जानेछन् ।

अध्यादेश सरकारलाई संसद नचलेका बेला अत्यावश्यक कानुन आवश्यक परेका बेला ल्याउनका लागि संविधानमा व्यवस्था गरिएको हो । संसद बैठक स्थगित गरेर अध्यादेश ल्याउनुको अर्थ हो, सरकार गलत मनशाय राखेको छ । संवैधानिक परिषद्सम्बन्धी अध्यादेशले संवैधानिक परिषद्मा एकलौटी गर्न खोजीएको छ । राष्ट्रपतिले फिर्ता पठाएपछि सरकारले पनि जस्ताको त्यस्तै राष्ट्रपतिलाई फिर्ता पठाइदिएको छ ।

कुनै कानुनको आधारमा कार्यकाल तोकेर नियुक्त पदाधिकारीलाई अध्यादेशमार्फत् कानुन बनाएर एकैपल्ट पदमुक्त गर्ने सरकारको मनशाय गलत छ । कुनै कानुनको आधारमा प्रतिस्पर्धा गरेर नियुक्त पदाधिकारीलाई नयाँ कानुन ल्याएर पदमुक्त गर्ने प्रवृत्ति गलत छ । कानुन पश्चगामी हुँदैन, भविष्यगामी हुन्छ भन्ने मान्यता छ । अब यो विषयमा सम्भवतः अदालतमा मुद्दा पर्नेछ । यो विषयको छिनोफानो अदालतले लगाउने छ ।

आखिर सरकार किन उल्टो बाटो हिंडिरहेको छ । विधिलाई पालना गर्दै अघि बढ्दा सरकारको काम सहज ढंगले अघि बढ्छ । दुई तिहाई नजिकको जीत हासिल गरेको रास्वपा र प्रधानमन्त्री बालेन साह जुन ढंगले अघि बढ्न खोजिरहेका छन्, त्यसले मुलुकमा भयानक द्वन्द्वको श्रृजना हुने जोखिम बढेको छ । नयाँ केही गर्ने हुटहुटीका सामु विधि र प्रक्रियालाई कुल्चेर कत्लेयाम प्रवृत्तिलाई संस्थागत गर्न खोजिंदैछ, जुन हाम्रो लोकतान्त्रिक प्रणालीका लागि घातक छ ।

सरकारलाई चाहिने आवश्यक कानुन बनाउन सक्छ, संसद त्यसैका लागि हो । संसदलाई छलेर ल्याइने अध्यादेशले सरकारलाई निरंकुश बनाउँछ । कानुनप्रति संसद र नागरिकको अपनत्वको अभाव हुन्छ । अन्ततः लोकतान्त्रिक व्यवस्था कमजोर हुँदै जान्छ ।

## सेयर बजारमा ४० अंकको गिरावट



काठमाडौँ । साताको कारोबारको पहिलो दिन सोमबार सेयर बजार (नेप्से) मा गिरावट देखिएको छ । नेप्से परिसूचक ३९.२७ अंक (१.४३ प्रतिशत) ले घटेर २६९९.४४ विन्दुमा ओर्लिएको हो ।

बजारमा गिरावटसँगै कारोबार रकम पनि घटेको छ । शुक्रबार कारोबार ४ अर्ब ८२ करोड कारोबार भएको बजारमा बज यो रकम ४ अर्ब ५ करोड रुपैयाँमा सिमित भएको हो । सोमबार ९५ लाख ९५ हजार कित्ता सेयर खरिदबिक्री भएका छन् ।

कुल २६९ कम्पनीमध्ये जम्मा १७ कम्पनीको सेयर मूल्य बढेको छ भने २५२ कम्पनीको मूल्यमा गिरावट आएको छ ।

कारोबार रकमका आधारमा एनआरएन इन्फास्ट्रक्चर कम्पनी सबैभन्दा शीर्ष स्थानमा रह्यो । यस कम्पनीको ३१ करोड २४ लाख २५ हजार रुपैयाँभन्दा बढीको सेयर कारोबार भयो । त्यसैगरी, रिलायन्स स्पिनिङ मिल्स, नेशनल हाइड्रोपावर, आँखुखोला जलविद्युत र एनआईसी एशिया बैंक पनि बढी कारोबार हुने कम्पनीमा अगाडि छन् ।

बजार ओरालो लागे पनि कर्पोरेट डेभलपमेन्ट बैंकको मूल्य १२.५८ अंकले घट्नु बाहेक अन्य कम्पनीको मूल्यमा दोहोरो अंकको उतारचढाव देखिएन ।

समूहगत रुपमा माइक्रोफाइनान्स समूह बाहेक अन्य सबै सूचक रातोफ भएका छन् । विकास बैंक, हाइड्रो र उत्पादनमूलक क्षेत्रमा २ प्रतिशत भन्दा धेरैको गिरावट भएको छ । होटल, इन्भेष्टमेन्ट र ट्रेडिङ क्षेत्र पनि १ प्रतिशत भन्दा धेरैले घटेका छन् ।

# विवेकपूर्ण समाधान नदिंदा द्वन्द्व चर्किने सम्भावना



रामचन्द्र श्रेष्ठ

बालेन्द्र शाह नेतृत्वको सरकारले आकस्मिक तरिकाले शहरका सुकुम्वासी बस्तीमा डोजर चलाएर सुकुम्वासीहरूलाई पछि व्यवस्थापन गर्ने गरी 'होल्डिङ सेन्टर'मा राख्न थालेपछि यो विषयले राष्ट्रिय बहस निम्ताएको छ । एकातिर बेदखल सुकुम्वासीका पीडा र अनिश्चितता छन् अर्कोतर्फ उनीहरूलाई लगाइने 'हुकुम्वासी', 'अतिक्रमणकारी' जस्ता आक्षेपले सामाजिक सञ्जाल भरिएको छ । सुकुम्वासी बस्ती निर्माणको ऐतिहासिकता, यसको प्रक्रिया र शहरसँग सुकुम्वासी सम्बन्ध नबुझी यो विषयको जटिलता पहिल्याउन गाह्रो हुन्छ ।

सुकुम्वासीको निर्माण नेपालको भूवितरणको ऐतिहासिकतासँग जोडिन्छ । महेशचन्द्र रेग्मीको द स्टेट एन्ड इकोनोमिक सरप्लस पुस्तकअनुसार परम्परागत नेपाली राज्यका तीन मुख्य स्रोत जमिन, जङ्गल र खानीमध्ये जमिन र जङ्गल वितरण गरिन्थ्यो । राज्यको सेवाबापत भाइभारदार, सेना र कर्मचारीलाई 'जागिर'का रूपमा जमिन दिइन्थ्यो जसलाई राजाले पजनीमार्फत् खोस्न पनि सक्थे । लुडविग स्टिलरको नेपालः ग्रोथ अफ अ नेसन पुस्तकअनुसार जागिर राजाप्रतिको बफादारी कायम राख्ने माध्यम थियो । महेशचन्द्र रेग्मीको किंग्स एन्ड पोलिटिकल लिडर्स अफ् द गोर्खाली इम्पायर पुस्तकमा उल्लेख भएअनुसार सुरुमा ब्राह्मणलाई मात्र दिइने र अरूले ऊसँग किन्न मात्र सक्ने बिर्ता प्रतापसिंह शाहको समयदेखि भारदारहरूलाई पनि दिन थालिएको थियो ।

त्यस्तै मठमन्दिर र सार्वजनिक हितका लागि गुठी जमिन राखिन्थ्यो । तोकिएका थर र कुल (थर-घर) का मात्रै भारदार हुन पाउने भएकाले राज्यले बिर्ता र जागिरमार्फत् जमिन वितरण गर्दा समाजको एउटा वर्ग लाभान्वित भयो र जमिनदार बन्यो । बिर्ता, जागिर र जमिनदारी प्रथा मौलाउँदै जाँदा कृषियोग्य जमिन उपल्लो जाति र राणाहरूमा वा सीमित सम्भ्रान्त परिवारमा थुप्रिन पुगे । वास्तविक जोताहाहरू भने भूमिहीन हुँदै गए । नेपालमा गरिबीको बहस पुस्तकमा जगत देउजा र जगत बस्नेतले 'भूमि अधिकार, सामाजिक न्याय र गरिबी निवारण' शीर्षकमा लेखेको लेखअनुसार, परापूर्वकालदेखि दलित, आदिवासी, जनजातिहरूको स्वामित्व रहेको जमिन, जागिर र बिर्ताको नाममा राज्यलाई पक्षपोषण गर्ने कथित माथिल्लो जातिमा बाँडियो । यसले दलित, आदिवासी, जनजातिहरूलाई सुकुम्वासी बनायो । यो क्रम राणा शासनमा झनै फैलियो ।

राज्यको आम्दानीको मुख्य स्रोत नै जमिन भएकाले कृषियोग्य जमिन विस्तारका लागि तराईमा बस्ती बसाल्न राणा शासनकालमा निकै प्रयत्न भएको देखिन्छ । नन्द आर. श्रेष्ठको द पोलिटिकल इकोनोमी अफ ल्यान्ड, ल्यान्डलेसनेस एन्ड माइग्रेसन इन नेपाल पुस्तकअनुसार सन् १८६० को दशकमा नारायणी र मेची नदीबिचको तराईमा नयाँ मौजा बसाल्नेलाई १० वर्षसम्मका लागि कर छुट दिने र १० वर्षपछि प्रति ११ बिघामा एक बिघा बिर्तास्वरूप उपलब्ध गराउने व्यवस्था गरियो। त्यस्तै जमिनमाथि उसको अधिकार वंशाणुगत हुने, कुनै अपराध गरे तापनि जमिन नखोसिने व्यवस्था गरियो । जङ्गल फँडानी गरेर कृषियोग्य जमिन विस्तार गरिन्थ्यो । जङ्गल फँडानी गर्दा प्रशस्त आम्दानी हुन्थ्यो । काठको बिक्रीबाट प्राप्त पैसाले खेतीयोग्य जमिन निर्माणका लागि पुँजी जम्मा हुन्थ्यो । राज्यलाई भार नबोकाइकन निजी क्षेत्रलाई प्रशस्त अवसर र लगानीको वातावरण बनाइदिने भएकाले जमिनदारी प्रथा कृषियोग्य जमिन विस्तारका लागि उपयोगी थियो । त्यसैले राज्यले जमिनदारलाई विशेष ग्राह्यता दिएको थियो तर जोताहा किसानको हितको परवाह थिएन ।

२००७ सालको परिवर्तनसँगै भूमिसुधार र जमिन वितरणको मुद्दा उठ्यो । कैयन् किसान आन्दोलनहरूले पनि भूमिसुधारको आवश्यकतालाई जोड दिए । झलक सुवेदीको भूमि, किसान र राज्य पुस्तकअनुसार सन् १९५८ मा थालिएको औलो उन्मूलन परियोजनाले पहाडबाट तराईमा बसाइँ सर्ने वातावरण बनायो । सन् १९५४ मा चितवन उपत्यकाको जमिनमा बस्ती विकासका लागि योजनाबद्ध प्रयास थालियो । सन् १९५६मा राप्ती दुन विकास योजनालगायतका कार्यक्रम अघि सारेर मधेस र भित्री मधेसका विभिन्न क्षेत्रमा सङ्गठित रूपमा जङ्गल फँडानी गर्दै पहाडबाट मानिसहरूलाई बसाइँ सारेर बस्ती बसाइयो । सुवेदीका अनुसार, पुनर्वास योजनाअन्तर्गत तराईमा बसाइँ सर्न उत्प्रेरित गरे तापनि सुरुवाती चरणमा आउने मानिसहरू पहाडमा पनि केही न केही सम्पत्ति भएकै मानिस थिए किनभने बसाइँ सरेर आउन सजिलो थिएन । कम्तीमा ६ महिना वा वर्ष दिन खर्च धान्न, झुपडी बनाउन र गोरु किन्नका लागि पैसा हुने मध्यम र निम्नमध्यम वर्गका मानिसहरू नै पहाडबाट तराई बसाइँ सर्न सक्थे । पहाडमा नै जमिन नभएका दलितहरू बसाइँ सर्ने सम्भावना न्यून थियो ।

पुनर्वास आयोजनामार्फत् भूमिहीनहरूले जमिन प्राप्त गर्ने सम्भावना सफल भएन । केही भएकाले नै थप जमिन पाए, भूमिहीनता बाँकी नै रह्यो । २०२१ सालमा भूमिसम्बन्धी ऐन जारी गरी भूमिसुधार लागू गरेपछि भने भूमिहीनता र भूमिमा आधारित शोषण हट्ने सम्भावना बढ्यो । जग्गाको हदबन्दी कायम गरी सुरु गरिएको भूमिसुधारले अपेक्षित सफलता हासिल गरेन । घनश्याम भुसालको नेपालको अर्थराजनीतिः सङ्कटको पुनरुत्पादन र रूपान्तरणको दिशा नामक पुस्तकमा भनिएअनुसार भूमिसुधारको १४ वर्षको अभ्यासपछि २०३५ सालसम्म १० हजार ५ सय ११ परिवारलाई २१ हजार ५० हेक्टर जमिन वितरण गरिएको थियो । भूमिसुधारले मध्यम वर्ग र नयाँ नोकरशाही वर्गलाई भने संस्थागत गऱ्यो ।

ब्रिटिस र भारतीय सेनामा भर्ती भएका जवानहरूले साहूको ऋण तिरेर बचेको पैसाले पहाडमा जमिन किन्न थाले । कतिपयले तराईमा नै जमिन किने । पहाडमा जमिन बेचेर आएको पैसाले पनि तराईमा जमिन किन्न थालियो । हरि रोकाको वैकल्पिक अर्थतन्त्र पुस्तकअनुसार वैदेशिक रोजगारीमा उल्लेखनीय वृद्धि हुँदै गर्दा जमिनको किनबेच झनै बढ्दै गयो । जमिनको बढ्दो किनबेच, अनुपस्थित जमिनदारी, पारिवारिक संरचनामा व्यापक परिवर्तन अंशबण्डा आदि कारणले जमिनको खण्डीकरण पनि बढ्दै गयो । यो सँगै भूमिहीनता बढ्दै जान थाल्यो । अहिले विपन्न, साना र मझौला कृषक भूमिहीन बन्ने वा बेदखली हुने क्रम बढ्दो छ ।

माथि स्वामित्वको ऐतिहासिक असमानताका कारण भूमिसुधार प्रयासका बाबजुद भूमिहीनता अन्त्य हुन सकेन । ठूलो जमिनदारी मध्यम वर्गीय भू-स्वामित्वमा परिवर्तन भयो तर भूमिहीनता र निकट भूमिहीनता बाँकी नै रह्यो । अर्कोतर्फ भूमिसुधार सँगसँगै सुकुम्वासी पनि सुरु भयो । घनश्याम भुसालकै अनुसार २०२२/२३ सालदेखि तराईमा सुरु गरिएको जमिनको नापीले जङ्गल फँडानीलाई नियन्त्रण गर्न थालेसँगै सुकुम्वासी समस्या सुरु भयो ।

२०६८ सालसम्मको तथ्याङ्कअनुसार तीन प्रतिशत किसान परिवारहरू पूर्णतया भूमिहीन छन् । ४३ प्रतिशत किसान परिवारसँग आधा हेक्टर जमिन छ । रातो झिल्को पूर्णांक १३मा प्रकाशित श्याम श्रेष्ठको लेख 'नेपाली अर्थ-राजनीति पुँजीवादी रुपान्तरण'मा उल्लेख भएअनुसार उल्लेख छ- भूमिहीनदेखि आधा हेक्टर किसान परिवार ५५ प्रतिशत छन् तर उनीहरूसँग कुल खेतीयोग्य जमिनको १९ प्रतिशत हिस्सा मात्र छ जबकि दुई हेक्टरभन्दा माथि जमिन भएका ५.१ प्रतिशत किसान परिवारसँग २३ प्रतिशत जमिन छ । यसको सार हो, भूमिहीनताको कारण ऐतिहासिक छ । भूमिहीनताले नै सुकुम्वासी बन्न बाध्य पारेको छ । अर्कोतर्फ भूमिहीन र निकट भूमिहीनका लागि कृषि जीविकाको लागि कुनै सम्भावना होइन । त्यसैले शहर प्रवेश गर्नु नै जीविकाको प्रमुख आधार बन्न पुग्यो ।

### शहर साइनो

सुकुम्वासीलाई हेय भावले हेर्नेहरूले शहरमै किन बस्नुपऱ्यो भन्ने खालका प्रश्न गर्छन् । खासमा शहरमा अनौपचारिक (राज्यको आधिकारिक अनुमतिबिना) स्थापित बस्ती नै सुकुम्वासी हुन् जसलाई शहरले न त पूर्ण अपनाउँछ न त त्याग्न सक्छ । मानवशास्त्री सुरेश ढकालले २०७५ सालमा अन्नपूर्ण पोस्ट् दैनिकमा 'शहरका सुकुम्वासी' शीर्षकमा लेखेको लेखमा सुकुम्वासीलाई शहरको मुख्य भागभित्र पनि नमानिने अनि बाहिरी पनि नमानिने 'आउट प्लेसेस' भनी व्याख्या गरेका छन् । शहर र गाउँका तमाम फरकमध्ये एक हो अर्थतन्त्र । उत्पादन र विनिमयको विविधताले नै शहर सिर्जना गरेको हुन्छ । त्यसैले शहरी जनघनत्व वृद्धि हुँदा अर्थतन्त्र चलायमान हुन्छ । बजार विस्तार हुन्छ र नयाँनयाँ अवसर सिर्जना हुन्छन् । अवसर सिर्जना भएपछि अरू मानिसको आकर्षण पनि बढ्छ । यही अन्तरसम्बन्धका कारण शहरले झन्झन् मान्छेहरू आकर्षण गर्दै जान्छ। यही क्रममा शहर आइपुगेका हुन्छन् निम्न वर्गीय किसान, भूमिहीन र निकट भूमिहीनहरू । समग्रमा उनीहरूलाई शहरी गरिब भन्न सकिन्छ ।

शहरीकरणः जीविकाको विविध आयाम पुस्तकमा प्रकाशित मासाको तानाकाको 'नेपालमा सुकुम्वासी आन्दोलनको एक दशक' शीर्षकको लेखअनुसार सुकुम्वासीलाई शहरी गरिबीको पर्यायको रूपमा पनि लिइन्छ जसले शहरी समाजलाई सम्पन्न बनाउन निरन्तर योगदान गरिरहेका छन् । नेपालमा काठमाडौं उपत्यकाबाहेक अरू सबै शहर बसाइँसराइबाट स्थापित भएका हुन् । विगतदेखि नै शहरमा आएर बसेकाहरूले पनि जग्गाको नापजाँच हुन थालेपछि मात्र लालपुर्जा प्राप्त गरेका हुन् । त्यस अर्थमा काठमाडौं उपत्यकाका मल्लकालीन रैथानेहरूबाहेक शहर स्थापनाको सुरुवाती चरणमा आएका सबै कुनै न कुनै समयका सुकुम्वासी नै हुन् । फरक यति हो सुरुवातमा आउनेले धेरै जमिन ओगट्न सके, ढिला आउनेसँग दुई विकल्प मात्र बाँकी रहे - पहिले आएकाहरूसँग जमिनको टुक्रा किन्ने वा नयाँ ठाउँ खोजेर ओगट्ने ।

पूर्वाधारको विस्तारसँगै पुराना बजारहरूको सम्भावना बढ्ने र नयाँ बजारहरू स्थापित हुँदै जाने क्रममा सुकुम्वासी जनसंख्या पनि विस्तार हुँदै गएको देखिन्छ । क्याथलिन एम. ग्यालाघरको सिन्हास जर्नलमा प्रकाशित 'नेसन बिल्डिङ, स्क्वाटिङ एन्ड द नेगोसिएसन अफ् ल्यान्ड एन्ड लेजिटिमेसी इन नेपाल' लेखमा उल्लेख छ, सन् १९७०को दशकमा नै पूर्व-पश्चिम लोकमार्गको निर्माणकै क्रममा भरतपुर, नारायणगढ र बुटवलमा सुकुम्वासी बस्तीहरू फैलिन थालेका थिए । जीविकाको खोजीमा बसेका यस्ता बस्तीहरू प्रायः नयाँ विकासे परियोजनाको वरिपरि खडा हुन्छन् । कोहलपुरमा मेडिकल कलेज नजिकै र हेटौडामा औद्योगिक क्षेत्र नजिकै स्थापित सुकुम्वासी बस्ती केही उदाहरण हुन् ।

सुकुम्वासीहरू सधैँ आवासको समस्याले ग्रसित हुन्छन् । त्यसमाथि दलितलाई आवासको चुनौती दोब्बर हुन्छ । उनीहरू घाम नलाग्ने, ओस पर्ने, अरूले नरोज्ने स्थानहरूमा सस्तो भाडामा बस्छन् । न्यून आम्दानीले भाडा तिर्ने र हातमुख जोड्न धौधौ हुन्छ । यी शहरी गरिबले नदी उकास वा डम्पिङ साइट जस्ता परित्यक्त जमिनमा बस्ती बसाल्छन् । त्यो बस्ती शहरको केन्द्रीय भागमा हुँदैन तर शहरभन्दा टाढा पनि हुँदैन । किनभने, शहरसँगको अन्तरक्रियामा नै सुकुम्वासी बस्तीको जीविका चलिरहेको हुन्छ । शहरसँग सुकुम्वासीहरूको साइनो भने श्रमशक्ति विनिमयको हुन्छ । शहरी गरिबसँग बजारमा बेच्ने आफ्नो श्रमशक्तिबाहेक केही हुँदैन । शहरका उद्योग, कलकारखाना, निर्माण क्षेत्र, फोहोर व्यवस्थापनदेखि अनौपचारिक श्रमका क्षेत्रहरूमा यिनै ज्यालादारी मजदुर वा शहरी गरिब हुन्छन् ।

नेपाल जीवनस्तर सर्वेक्षण २०७९/८० अनुसार नेपालको कुल जनसंख्या गरिबीको दर (गरिबीको रेखामुनि रहेको, प्रतिवर्ष प्रतिव्यक्ति रु.७२,९०८ भन्दा कम खर्च गर्ने व्यक्ति) २०.२७ प्रतिशत छ । शहरी क्षेत्रमा गरिबी दर १८.३४ प्रतिशत र ग्रामीण क्षेत्रमा २४.६६ प्रतिशत रहेको छ । तर गिनी सूचकांक (असमानताको मापक) मा नेपालको समग्र गिनी सूचकांक ०.३०० रहेको छ । शहरी गिनी सूचकांक ०.३०३ र ग्रामीण गिनी सूचकांक ०.२८७ रहेको छ । यसले ग्रामीण भेगमा भन्दा शहरमा बढी असमानता भएको प्रष्ट पार्दछ । यही आर्थिक असमानताले धकेलिएको वर्ग नै सुकुम्वासी बस्तीमा छ जो आज 'राज्य हिंसा'को शिकार भएको छ । यी शहरी गरिब शहरमा विद्यमान अवसरहरूमा आफ्नो जीविका र पहिचान खोजिरहेका हुन्छन् । त्यसैले सुकुम्वासी बस्ती भूमिहीनताको उपज त हो नै आवासको सुनिश्चितता र पहिचान हासिल गर्ने थलो पनि हो ।

### बस्तीको गतिशीलता

देख्दा शहरबाट अलग्गै रहे जस्तो देखिए पनि सुकुम्वासी बस्तीको जीवित इतिहास र गतिशील वर्तमान हुन्छ । रोबर्ट न्यूवर्थले स्याडो सिटिज : अ बिलियन स्क्वाटर्स, अ न्यु अर्बन वर्ल्ड पुस्तकमा सुकुम्वासीलाई 'स्याडो सिटी' (छाया शहर) शब्द प्रयोग गर्दै आवासको अभाव भएपछि मानिसहरूले आफैँले निर्माण गरेको बस्तीका रूपमा व्याख्या गरेका छन् जहाँ आत्मनिर्भरता, समुदाय र चलायमान अर्थतन्त्र हुन्छ । सुकुम्वासी बस्तीको स्थापनामा भौगोलिक स्पेस (स्थान) देखि प्लेस (ठाउँविशेष) निर्माणका केही महत्वपूर्ण चरण हुन्छन् । जियाङमिन र अरूहरूको पुस्तक इन्ट्रोडक्सन टु सिटी का अनुसार स्थान (स्पेस) ले भौगोलिक जमिनलाई जनाउँछ भने अन्तरक्रियामार्फत मानवीय पहिचानसहितको बस्ती प्लेस हो । बस्ती निर्माणको पहिलो चरणमा शहरी गरिबहरू शहरका परित्यक्त जमिन ओगट्न आइपुग्छन् । त्यस क्रममा उनीहरूले समिति गठन गर्छन् । त्यस्तै एक परिवारले कतिसम्म ओगट्ने जस्ता अनौपचारिक मान्यताहरू निर्माण गर्छन् । समितिले त्यस्ता मान्यताहरूको नियमन गर्छ र सुरक्षाको अनुभूति दिलाउँछ । दोस्रो चरण समुदाय निर्माण र सामाजिक वैधतातर्फको यात्रा हो । दैनन्दिनको अन्तरक्रियाले बस्ती एउटा समुदायमा विकसित हुन्छ । बस्तीले खानेपानी, विद्युत्, सडक जस्ता पूर्वाधारको बन्दोबस्त गर्न र बाढी जस्ता प्राकृतिक प्रकोपसँग जुध्नका लागि उपायहरू खोज्छ । यही क्रममा राजनीतिक दल र स्थानीय सरकारसँग बस्तीले 'सहमति निर्माण' गर्न थाल्छ । बस्तीमा बासिन्दाको संख्या बढ्दै जाँदा राजनीतिक दलहरू पनि आफ्ना सङ्गठन विस्तारदेखि भोटका लागि आकर्षित हुन्छन् भने सामाजिक वैधता तथा राजनीतिक पहुँचका लागि बस्तीलाई पनि राजनीतिक दलहरू चाहिन्छ । राजनीतिक दललाई समर्थकहरू चाहिन्छ भने सुकुम्वासी बस्तीलाई पनि राजनीतिक आड, भरोसा र सामाजिक वैधताका लागि राजनीतिक दलहरू चाहिन्छ । त्यसैले सुकुम्वासी बस्ती र राजनीतिक दलको सम्बन्ध एकपक्षीय नभई अन्तरसम्बन्धित हो ।

बस्तीले सामाजिक वैधता हासिल गरेपछि भने त्यसमा शहरका मध्यम र उच्च मध्यमवर्गीयको आँखा लाग्छ । ज्यालादारी मजदुरी र न्यून आम्दानीमा जीवन गुजारा गर्ने सुकुम्वासी बस्तीका बासिन्दासँग न्यून शुल्कमा जमिन खरिद गर्न मध्यम र उच्च मध्यम वर्ग आइपुग्छ । त्यस्तै गाउँबाट शहरिया बन्ने मोहले आएका तर शहरको केन्द्रीय भागमा जमिन किन्ने 'हैसियत' नभएकाहरू पनि सुकुम्वासी बस्तीमा आइपुग्छन्। कहिलेकाहीं उपचार र ऋण व्ययभारका कारण पनि सुकुम्वासी बस्तीका सुरुवाती बासिन्दाहरूले जमिन बेच्छन् ।

मासाको तानाकाको विश्लेषण अनुसार घरजग्गामाथि सुकुम्वासीहरूको स्वामित्वको आधारमा नेपालमा तीन किसिमका सुकुम्वासी पाइन्छन्ः एक, आफ्नै स्वामित्वमा भएका सुकुम्वासी जसले घर निर्माण गर्छन् वा किन्छन् । दुई, जमिन भएका सुकुम्वासी जसले सुकुम्वासी बस्तीमा आफ्नो घर भाडामा लगाउँछन् र आफू सुकुम्वासी बस्तीभन्दा बाहिर बस्छन् र तीन, भाडामा बसोबास गर्ने सुकुम्वासी जसले (एक) वा (दुई)बाट भाडामा लिएका हुन्छन् ।

### अन्यायी विस्थापन

नेपालको संविधानमा आवासको हक (धारा ३७) र दलितको हक (धारा ४०) लाई मौलिक हकका रूपमा सुनिश्चित गरिएको छ । धारा ४० को उपधारा ५ मा 'राज्यले भूमिहीन दलितलाई कानुन बमोजिम एक पटक जमिन उपलब्ध गराउनुपर्नेछ' भन्ने व्यवस्था गरिएको छ । त्यसै गरी उपधारा (६) मा 'राज्यले आवासविहीन दलितलाई कानुनबमोजिम बसोबासको व्यवस्था गर्नेछ' भन्ने व्यवस्था गरिएको छ । धारा ४२ मा आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको आवासको अधिकार सुनिश्चित गरिएको छ । धारा ५१ मा राज्यका नीतिहरू अन्तर्गत ५१ (ञ) देहाय (६)मा 'मुक्त कमैया, कमलहरी, हरुवा, चरुवा, हलिया, भूमिहीन, सुकुम्वासीहरूको पहिचान गरी बसोबासका लागि घरघडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने' उल्लेख छ ।

यिनै संवैधानिक बन्दोबस्त कार्यान्वयन गर्न 'भूमिसम्बन्धी ऐन, २०२१ को आठौं संशोधन गरी भूमि समस्या समाधान आयोग गठन गर्ने व्यवस्था गरियो । ऐन बमोजिम २०८१ असोज १४ गते 'भूमि समस्या समाधान आयोग' गठन भएको छ । आयोगको वेबसाइटमा उल्लिखित विवरणअनुसार २०८२ भदौसम्म ९०,९८३ भूमिहीन दलित, १,७१,०७३ भूमिहीन सुकुम्वासी र ८,८९,३४५ अव्यवस्थित बसोबासीको लगत प्रविष्ट भएको छ । तर, यो तथ्याङ्कमा काठमाडौं उपत्यकाका धेरै पालिकाहरूको विवरण अपूरो छ । आयोगको वार्षिक प्रतिवेदन २०८१/८२ अनुसार काठमाडौं महानगरपालिकामा जम्मा १२ जना भूमिहीन दलित, नौ जना भूमिहीन सुकुम्वासी र ३३ जना अव्यव्यस्थित बसोबासीको मात्र लगत प्रविष्ट भएको छ। ललितपुर, कीर्तिपुर, भक्तपुर, मध्यपुर थिमीको लगत शून्य रहेको छ । अन्य पालिकाहरूको पनि खासै उल्लेखनीय लगत छैन ।

यसबारेमा (प्रधानमन्त्री बालेन्द्र शाह काठमाडौं महानगरपालिकाको मेयर रहँदा) आयोगका अध्यक्ष हरिप्रसाद रिजालले भक्तपुर र ललितपुर नगरपालिकाले सहमति नै नगरेको र काठमाडौं महानगरपालिकाले काम नगरेको बताएका थिए । आयोगको कार्यविधिअनुसार वडा तहबाट निवेदन सङ्कलन गर्ने, दाबी विरोध प्रकाशित गर्ने, त्यसउपर छानबिन गर्ने र पालिकाले प्रमाणीकरण गरी आयोगको जिल्ला कार्यालयमा पठाउनुपर्छ। तर, काठमाडौं उपत्यकाका स्थानीय तहहरूले आयोगलाई खासै सहयोग गरेको देखिएन ।

संवैधानिक व्यवस्था, ऐन र त्यसअनुसारको आयोगको कामकारबाहीलाई द्रुत गतिमा अघि बढाउनुको साटो सरकारले आकस्मिक बल प्रयोग गरेर बस्ती मास्नु र पछि छानबिन गरी व्यवस्था गर्ने वचन दिनु संविधानवादको विरुद्धमा छ । मानिसका जीवित गतिविधिले निर्मित समुदाय हुन् सुकुम्वासी, जहाँ छरछिमेकी, दुःख-सुख बाँड्ने चौतारी, आर्थिक क्रियाकलापहरू छन् । जुन सांस्कृतिक गतिविधिदेखि कुकुर-बिराला जस्ता घरपालुवा जनावरहरूसहितको 'जीवित स्थान' हो । 'शहरको अधिकार' (राइट टु सिटी) को वकालत गर्ने प्रसिद्ध फ्रान्सेली दार्शनिक हेनरी लेफेभेका अनुसार शहरमा तीन प्रकारका स्थान हुन्छन् : परिकल्पित स्थान, अनुभूत स्थान र जीवित स्थान ।

मानिसहरूले दैनिक अन्तरक्रिया गर्ने भौतिक पूर्वाधारसहितको थलो अनुभूत स्थान हो जुन व्यक्तिहरूको दैनिक अभ्यासले निर्माण हुन्छ । त्यस्ता अनुभूत स्थानहरूसँग जोडिएका सामाजिक सम्बन्ध, भावना र स्मृतिले जीवित स्थान निर्माण गर्छ। परिकल्पित स्थान भने राज्यका योजनाकार र पुँजीका मालिकहरूले नक्सा र नीतिहरूमार्फत बनाउने 'अमूर्त' स्थान हो । सुकुम्वासी बस्ती जीवित स्थान हुन् जहाँ मान्छेको समुदाय र स्मृति छ । जसले एकातर्फ आश्रय दिएको छ भने अर्कोतर्फ शहरसँग अन्तरक्रिया गर्ने अवसर पनि । हठात बल प्रयोगले बेदखल हुँदा मान्छेले बसिरहेको आवास मात्र गुमाएको छैन । आपसी सम्बन्ध, समुदाय, स्मृति र आवासको अनुभूति गुमाएको छ । उसको जीवन राज्यको निगाहमा निर्भर र अनिश्चित भएको छ । अनुमानजन्य नहुनु 'विधिको शासन' नहुनु हो । किनभने कानुनी राजको विशेषता अनुमानजन्य हुनु हो । यसले राज्य निरङ्कुशताउन्मुख भएको देखाउँछ ।

संविधान र ऐनले सुकुम्वासीको व्यवस्थापनको खाका कोरेअनुरूप द्रुत गतिमा कार्यसम्पादन गर्नुको सट्टा बस्ती उठीबास लगाउनु राज्य हिंसा हो । सुरक्षा संयन्त्रको बाक्लो र नियमित उपस्थिति, सिसि क्यामेराहरूको निगरानी, सामाजिक सञ्जालहरूमा गालीगलौज र अपमानका कारण मध्यरातमा बस्ती छोडिरहेका मान्छेहरू मौन देखिएपनि त्यो हिंसाको बलमा सिर्जित मौनता हो । आवरणमा मौनता देखिए पनि अन्तर्य क्रन्दन र चित्कार छ, रोदन र आक्रोश छ । सुत्केरी र गर्भवती महिला, विद्यालय र कलेज गईरहेका विद्यार्थी, हरेक दिन ज्यालादारी मजदूरी गरेर गुजारा गर्ने मानिसहरूलाई हिटलरको 'कन्सन्ट्रेसन क्याम्प'को झल्को लाग्ने गरी 'होल्डिङ सेन्टर'मा होल्ड गरेर राख्नु मानव अधिकार उल्लङ्घन हो ।

जगजाहेर छ, हिंसाले प्रतिहिंसा जन्माउँछ । दमनले प्रतिरोध जन्माउँछ । राज्य संविधानको मर्मअनुसार विवेकपूर्ण समाधानको बाटो नहिंड्दा द्वन्द्व चर्किने सम्भावना उत्तिकै छ भन्ने सङ्केत देशभर देखापर्न थालेका छन् ।

# जसपार्टी बैठकद्वारा १५ बुँदे प्रस्ताव पारित

बुटवल । जनता समाजवादी पार्टीको केन्द्रीय समिति बैठक सम्पन्न भएको छ । पार्टीका अध्यक्ष अशोककुमार राईको अध्यक्षतामा ललितपुरको कुपण्डोलमा दुई दिनसम्म चलेको बैठक आइतबार १५ बुँदे समसामयिक प्रस्तावहरु पारित गर्दै सम्पन्न भएको हो । बैठकले सरकारले संसद् अधिवेशन स्थगित गरेर अध्यादेशमार्फत् शासन गर्ने कार्यले लोकतन्त्रको आधारभूत मूल्य, मान्यता र अभ्यासलाई खण्डिकृत गरेको टिप्पणी गर्दै सरकारलाई पूर्ण लोकतान्त्रिक आचरण र चरित्रसहित विधिको शासन अनुरुप जिम्मेवार र जवाफदेही बनी राज्य सञ्चालन गर्न सरकारको ध्यानाकर्षण गरेको छ ।

त्यसैगरी बैठकले हाल काठमाडौं उपत्यका लगायत देशका विभिन्न स्थानहरुमा वर्षौंदेखि बसोबास गर्दै आएका भूमिहीन सुकुम्वासीहरुको घरबस्तीका डोजर लगाएर खाली गराएकोप्रति खेद प्रकट गरेको छ । बैठकले राज्य आतङ्क नै सिर्जना गरी नागरिकलाई बेघरबार बनाउने कार्य मानवीय एवम् नागरिकको संवैधानिक हकविरुद्ध हुने जिकीर गर्दै दसकौंदेखि बसोबास गर्दै आएका भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बस्तीका बासिन्दाहरुलाई घरडेरा सार्न समेत समय उपलब्ध नगराई डोजर आतङ्क सिर्जना गरी हजारौं परिवारको बिचल्ली पार्ने कार्यले न्यूनतम् मानवीय संवेदनाको पनि खिल्ली उडाएको टिप्पणी गर्दै नेपाल सरकारलाई अव्यवस्थित बासबोसलाई व्यवस्थित गर्दै प्रभावकारी छानबिन मार्फत वास्तविक घरबारबिहीन भूमिहीन नागरिकको तत्काल सुरक्षित, मर्यादित एवम् सुविधायुक्त बसोबासको सुनिश्चितताका लागि सरकारसँग माग गरेको छ ।

बैठकले सरकारले गरेको विद्यालय तथा विश्वविद्यालयहरुमा रहेका विद्यार्थी संगठनहरुको संरचना खारेजीसम्बन्धी निर्णयप्रति पनि गम्भीर ध्यानाकर्षण भएको जनाउँदै विगतमा विद्यार्थी संगठनहरुलाई राजनीतिक दलहरुले आफ्नो राजनीतिक अभिष्ट पूरा गर्ने साधनको रुपमा उपयोग गर्ने विगतको अभ्यासलाई दुरुत्साहन गर्दै विद्यार्थी संगठनहरुलाई विद्यार्थीको हक, हित र सुरक्षा एवम् शैक्षिक वातावरण निर्माण र सामाजिक चेतना फैलाउन कार्यमा संलग्न हुनेगरी प्रभावकारी नियमनमार्फत संचालन गर्नुपर्ने जनाएको छ । त्यस्तै जसपाले आधिकारिक ट्रेड युनियनको पक्षमा रहेको स्पष्ट पारेको छ ।

सरकारले गरेको संविधान संशोधनको प्रस्ताव अगाडि बढाउने चेष्टाप्रति पनि पार्टीले ध्यानाकर्षण गराउँदै संविधान संशोधनका लागि विभिन्न राजनीतिक दल, नागरिक समाज, पेशागत संघसंस्था, मिडिया एवम् अन्य सरोकारवालाहरुसँग छलफल र परामर्श गरी संविधानप्रति सबैको अपनत्व हुनेगरी संशोधनको कार्यसूची अगाडि बढाउन सरकारसँग अपिल गरेको छ ।

संविधान संशोधनका सन्दर्भमा जसपाले आफ्नो आधिकारिक धारणा अगाडि सार्दै संविधान संशोधनका मूलधूत सवालहरुमा जनताद्वारा प्रत्यक्षनिर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणालीसहितको शासकीय स्वरुप कायम गर्न एवम् पूर्ण समानुपातिक निर्वाचनबाट संसदको व्यवस्था गर्न, प्रदेशहरुको नामाङ्कन र सीमाङ्कन सच्याई पहिचान र सामर्थ्यका आधारमा प्रदेश निर्माण गर्न, शक्तिशाली जनलोकपालको गठन गर्न, संवैधानिक निकायहरुलाई संघीय ढाँचामा पुनर्संरचना गर्न, प्रदेशको अधिकार बढाउँदै अवशिष्ट अधिकार प्रदेश मातहत रहने व्यवस्थालगायतका प्रशासनीक सुधारका लागि आवश्यक संरचनागत परिवर्तन गर्न माग गरेको छ ।

त्यस्तै संयुक्त राज्य अमेरिका तथा इजरायल र इरानबीच चर्किएको युद्धका कारण पेट्रोलियम पदार्थको मूल्य अचाक्ली बढ्न जाँदा त्यसले मुलुकको आन्तरिक उत्पादन र पैठारीमा समेत लागत बढाउँदा उपभोग्य वस्तुहरुको बजारमूल्य आकाशिन गएकोप्रति सरकारलाई संवेशदनशील हुँदै मूल्यवृद्धि नियन्त्रणका लागि सम्पूर्ण उपायहरु अवलम्बन गर्दै गरिब, मजदुर एवम् श्रमजिवी वर्गलाई अत्यावश्यक उपभोग्य वस्तुहरु खरिदमा रासनकार्डको व्यवस्था गरी सहुलियत उपलब्ध गराउने व्यवस्था सुरु गर्न माग गरेको छ ।

त्यसैगरी सरकारले पछिल्लो समय आर्थिक अनियमितता र अनुचित साँठगाँठको आशंकामा कयौं उद्योगी एवम् व्यवसायीहरुमाथि गैरकानूनी धरपकड गर्दा अनेकन प्रतिकूलताका बाबजुद तङ्गिन खोज्दै गरेको आर्थिक क्षेत्रमा संशय उत्पन्न भएको जनाउँदै केवल शंका र अनुमानकै भरमा धरपकड नगरी तथ्यगत अनुसन्धान गरी दोषी ठहरिने अवस्थामा मात्रै थुनछेक गर्ने गरी उद्योगी एवम् व्यवसायीहरुलाई निर्वाध रुपमा कानूनसम्मत पेशा व्यवसाय गर्न दिन अनुरोध गरेको छ । बैठकले मुलुकको अर्थतन्त्र चलायमान बनाउन सरकारले विश्वासको वातावरण निर्माण गनुपर्नेमा विशेष जोड दिएको छ ।

दुईतिहाई नजिकको बहुमतको सरकारको संशयपूर्ण कार्यशैलीका कारण आर्थिक क्षेत्रमा विश्वास जागृत हुन नसकेको र त्यसको प्रत्यक्ष असर नेपालको शेयरबजारमा देखिएको जनाउँदै आम लगानीकर्ता एवम् व्यवसायीहरुको गुमेको विश्वास पुनर्बहाली गर्न पूँजीबजार सुधारसँगै आर्थिक सुधारका नीति लागू गर्न सरकारसँग माग गरेको छ ।

त्यस्तै बैठकले समसामयिक राजनीतिक प्रतिवेदन पारित गरेको छ । प्रतिवेदनमा वर्तमान राष्ट्रिय स्वतन्त्र पार्टी नेतृत्वका सरकार आन्तरिक विवाद र विखण्डनमा नफसेको अवस्थामा पाँच वर्षसम्म सरकार चल्न सक्ने प्रक्षेपण गर्र्दै प्रचण्ड बहुमतको सरकारलाई शंकाको सुविधा दिएको छ ।

तथापि अनुभवहीन युवाहरुको मन्त्रिमण्डलले गर्ने कामकारबाही भने कच्चा देखिएको टिप्पणी गरेको छ । 'सरकारका कतिपय निर्णयहरु कच्चा देखिएको र न्यायालयले उल्ट्याउने वा आफैं फिर्ता लिनुपर्ने अवस्थाले 'बिहानीले दिनको संकेत गर्छ' भनेझैं पनि भएको छ', प्रतिवेदनमा उल्लेख गरिएको छ, 'नियुक्त मन्त्रीहरुले महिना दिन पनि नपुग्दै बर्खास्त हुनुपर्ने वा राजीनामा दिनुपर्ने अवस्था आउनु पनि काँचोपनाको गम्भीर अभिव्यक्ति हो ।' तथापि सरकारले सार्वजनिक गरेका नीतिहरुप्रति शंकाको सुविधा दिँदै ती नीतिहरुको सन्तुलित कार्यान्वयनमा जोड दिनुपर्ने आवश्यकता औंल्याएको छ ।

बैठकले आन्तरिक पार्टीको विभिन्न कमिटीहरु गठन र पुनर्गठनको अभियानलाई तीव्र ढंगले संचालन गर्ने निर्णय गर्दै पार्टी पदाधिकारी, कार्यकारिणी समिति सदस्य, राजनीतिक समिति सदस्य एवम् पार्टीको केन्द्रीय समिति सदस्यहरु थप गरेको छ । जसक्रममा केन्द्रीय उपाध्यक्षमा दान बहादुर विश्वकर्मा र राधा तिमिल्सिनालाई चयन गरेको छ । त्यसैगरी उपमहासचिव पदमा रमेश राई तथा सचिव पदमा सुदूरपश्चिम प्रदेशबाट हेमन्त माण्डव्य, लुम्बिनी प्रदेशबाट मनिकर कार्की र गण्डकी प्रदेशबाट धन प्रसाद तामाङलाई चयन गरेको छ ।

त्यसैगरी केन्द्रीय कार्याकारिणी समिति सदस्यमा शाक्य सुरेन, सुशिला शाक्य, भाग्य नारायण यादव, योगराज बनेम, नविन सुनुवार, सीमा सिंह, ज्ञानकुमार परियार र ओमकृष्ण श्रेष्ठलाई चयन गरेको छ भने राजनीतिक समिति सदस्यहरुमा भगवान चाम्लिङ, मान बहादुर थापा, छविलाल राना मगर, नन्द याम्कू, जुनु पुन मगर, पवित्र बज्राचार्य, उर्मिला राई, हरिकला थापा लगागत चयन भएका छन् । पार्टीका थप केन्द्रीय समिति सदस्यहरुमा प्रदीप चौधरी, बालकृष्ण याख्खा, निर्मला यादव, प्रशन्न राई, दिपक राई, प्रकाश चाम्लिङ, हिमानी थापालगायत रहेका छन् ।

# सातै प्रदेशमा कृषि गणना गरिँदै



काठमाडौं । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले आन्तरिक जनशक्तिको प्रयोग गरेर तीन तहकै सरकारको सहभागितामा पहिलो पटक सातै प्रदेशमा कृषि गणना सञ्चालन गरेको छ ।

सरकारले आफ्नो स्रोत र साधनको अधिकतम परिचालन गरी कृषि गणनालाई मितव्ययी बनाएको हो । गणकले प्रत्येक किसानको घरदैलोमा पुगेर प्राप्त गरेको सूचनाका आधारमा आधिकारिक तथ्याङ्क सङ्कलन गरेका छन् । तथ्याङ्क प्राप्त गर्न मोबाइल र ट्याबलोइडको प्रयोग गरिएकाले कृषि गणना कार्यक्रम प्रभावकारी बनेको पाइएको छ ।

मन्त्रालयका वरिष्ठ तथ्याङ्क अधिकृत रामकृष्ण रेग्मीले गणनाबाट प्राप्त तथ्याङ्कका आधारमा कृषि क्षेत्रको विकासका लागि आवश्यक राष्ट्रिय नीति नियम बनाउन तथा त्यसलाई कार्यान्वयनमा लैजान सहयोग पुग्ने जानकारी दिए ।

पहिलो चरणमा स्थानीय तहका कृषि प्राविधिक किसानको घरदैलोमा पुगेर कृषिमा कृषकको पहुँच, मलबिउको प्रयोग, मूल्य भण्डारणको संरचना, सिँचाइको प्रयोग, प्रविधिको प्रयोग, वित्तीय पहुँच, कृषि सेवा पहुँच, बिमा, कृषि पशुको उत्पादनको अवस्थालगायतका विषयमा प्रश्न सोधेर तथ्याङ्क सङ्कलन गरिने जनाइएको छ ।

दोस्रो चरणमा प्राप्त तथ्याङ्कलाई विश्लेषण गरी कृषिको आधिकारिक तथ्याङ्क परिणाम निकालिने छ । महत्वाकांक्षी परियोजनाका रूपमा सञ्चालन गरिएको यो कार्यक्रममा मन्त्रालयले सुपरिवेक्षकलाई तालिम दिने र सुपरिवेक्षकले गणकलाई तालिम दिने व्यवस्था गरिएको छ ।

दोस्रो चरणको काम सुरु गर्न पहिलो चरणको काम अनिवार्य सम्पन्न गर्नुपर्ने वरिष्ठ अधिकृत रेग्मीले जानकारी दिए ।

## अध्यादेशको...

अनि किन अध्यादेश ?' -उनले प्रश्न गरे ।

आइतबार सामाजिक सञ्जालमार्फत् कानुनमन्त्री गौतमले संसदमार्फत् फास्ट ट्र्याकमा काम गर्दा पनि कानुन निर्माणमा कम्तीमा तीन/चार महिना लाग्नसक्ने बताएकी थिइन् । यसकारण छिटो काम गर्न अध्यादेश ल्याउनुपरेको उनको तर्क थियो ।

मन्त्री गौतमको यस्तो तर्कमा नेम्वाङले प्रश्न गरे- 'मैले सुनैं छिटो गर्न यो बाटो (अध्यादेश) मा हिँडेको हो भनेर । अनि पहिले अरूले गरेका थिए हामीले किन नपाउने भन्ने पनि सुनैं । तर पहिले यस्तै भएकोले परिवर्तन चाहेर जनताले म्यान्डेट दिएका होइनन् ?'

अध्यादेशको बाटो नरोज्न सरकारलाई उनको सुझाव छ । उनले भनेका छन्-'अध्यादेशले सरकारलाई स्वच्छताचारितामा लैजान्छ ।'

नेकपा एमालेकी सांसद साजिदा खातुन सिद्धिकीले पनि विधेयक ल्याएर अगाडि बढेको भए राम्रो हुने थियो भन्ने सुझाव दिइन् ।

'अध्यादेश किन ? सदनमा विधेयक ल्याएर अगाडि बढेको भए कति राम्रो हुन्थ्यो ।'- उनले भनिन् ।

### लोकेश्वर सा.व.उ.स. सुनवल १० नवलपरासी (ब सु.प.)को
## वन पैदावार लिलाम बिकी सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०१/२२

डिभिजन वन कार्यालयको च.नं २०५४ मिति २०८३/०१/१६ गतेको लिलाम सहमति अनुसार यस सा.व.उ.स. को स्वीकृत कार्ययोजना अनुसार चालु आ.व.मा उत्पादन भई सुनवल ७ चारपालामा घाटगद्धी भएको साल समेत गोलिया थान ३९१ को ३२२८.०१ क्यु.फि काठ समुह बाहिर लिलाम बिक्री गर्नका लागि यो सुचना प्रकाशित गरिएको छ । प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरि २२ औ दिनमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानाकारीको लागि यस सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

छमु नगरकोटीको छोरी, भिम वहादुर घर्ति मगरको छोराबुहारी, तकमान घर्तिको श्रीमती लुम्बिनी प्रदेश, गुल्मी जिल्ला, धुर्कोट गाउँपालिका वडा नं. ०३ बस्ने सेती घर्तिले यस शाखामा बचत खाता नं. २०९१५२४०३०१०९९ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/०६/१४ मा निज खातावाला सेती घर्तिको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको छोरा नाता पर्ने जेद बहादुर काउछाले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक सेती घर्तिको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

**गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड**
**फोन नम्बर** :- ०७९–५२१०२९
**फ्याक्स** :- ०७९–५२११९४

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

दल बहादुर कंडेलको छोरी, यम वहादुर टण्डनको छोराबुहारी, भुवान सिंह टण्डनको श्रीमती लुम्बिनी प्रदेश, गुल्मी जिल्ला, छत्रकोट गाउँपालिका वडा नं. ०३ बस्ने विष्णु कुमारी टण्डनले यस शाखामा बचत खाता नं. २०९१५२४०३०३९९२ संचालन गर्दै आउनु भएकोमा मिति २०८२/०९/२२ मा निज खातावाला विष्णु कुमारी टण्डनको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको छोरा नाता पर्ने मुक्त बहादुर टण्डनले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक विष्णु कुमारी टण्डनको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

**गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड**
**फोन नम्बर** :- ०७९–५२१०२९
**फ्याक्स** :- ०७९–५२११९४

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

खेतु घर्तीको नाति, खेते रोकाको छोरा लुम्बिनी प्रदेश गुल्मी जिल्ला, मदाने गाउँपालिका वडा नं. ०२ बस्ने अमृत वहादुर रोकाहाले यस शाखामा बचत खाता नं. २०९१५२४०३०२३१० संचालन गर्दै आउनु भएकोमा मिति २०८२/०७/२६ मा निज खातावाला अमृत वहादुर रोकाहाको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको छोरा नाता पर्ने हिरा बहादुर घर्तिले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक अमृत वहादुर रोकाहाको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

**गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड**
**फोन नम्बर** :- ०७९–५२१०२९
**फ्याक्स** :- ०७९–५२११९४

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

लिलामणि महोत्रा क्षत्रीको नाति, लोक वहादुर महोत्रा क्षत्रीको छोरा लुम्बिनी प्रदेश गुल्मी जिल्ला, गुल्मीदरबार गाउँपालिका वडा नं. ०६ बस्ने हुप वहादुर महोत्रा क्षत्रीले यस शाखामा बचत खाता नं. २०९१५२४०३०१७१३ तथा २०९१५२४१७००६३३ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/११/०१ मा निज खातावाला हुप वहादुर महोत्रा क्षत्रीको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता पर्ने रुपा देवी महोत्राले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक हुप वहादुर महोत्रा क्षत्रीको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

**गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड**
**फोन नम्बर** :- ०७९–५२१०२९
**फ्याक्स** :- ०७९–५२११९४

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

टेके सार्कीको छोरी, टेके सार्कीको छोराबुहारी, चिन्ते सार्कीको श्रीमती लुम्बिनी प्रदेश, गुल्मी जिल्ला, सत्यवती गाउँपालिका वडा नं. ०७ बस्ने गिता देवी सार्कीले यस शाखामा बचत खाता नं. २०९१५२४०३०४२९४ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/१२/२५ मा निज खातावाला गिता देवी सार्कीको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको छोरा नाता पर्ने नर बहादुर थापाले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक गिता देवी सार्कीको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

**गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड**
**फोन नम्बर** :- ०७९–५२१०२९
**फ्याक्स** :- ०७९–५२११९४

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

बुद्ध बहादुर पौडेलको छोरी, भुवान सिंह कंडेलको छोराबुहारी, थमन बहादुर कंडेलको श्रीमती लुम्बिनी प्रदेश, गुल्मी जिल्ला, गुल्मीदरबार गाउँपालिका वडा नं. ०४ बस्ने अनिता कंडेलले यस शाखामा बचत खाता नं. २०९१५२४०३०४३९६ संचालन गर्दै आउनु भएकोमा मिति २०८२/०७/०१ मा निज खातावाला अनिता कंडेलको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको छोरा नाता पर्ने मेख बहादुर कंडेलले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक अनिता कंडेलको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

**गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड**
**फोन नम्बर** :- ०७९–५२१०२९
**फ्याक्स** :- ०७९–५२११९४

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

टिकाराम मगरको छोरी, पहल सिंह मगरको छोराबुहारी, दिल वहादुर मगर भन्ने दल वहादुर थापाको श्रीमती लुम्बिनी प्रदेश, गुल्मी जिल्ला, इस्मा गाउँपालिका वडा नं. ०४ बस्ने सुमीत्रा मगर भन्ने समिदेवीले यस शाखामा बचत खाता नं. २०९१५२४०३०१११२ संचालन गर्दै आउनु भएकोमा मिति २०८०/१२/२२ मा निज खातावाला सुमीत्रा मगर भन्ने समिदेवीको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको छोरा नाता पर्ने मन बहादुर मगरले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक सुमीत्रा मगर भन्ने समिदेवीको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

**गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड**
**फोन नम्बर** :- ०७९–५२१०२९
**फ्याक्स** :- ०७९–५२११९४

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

दिलवहादुर विश्वकर्माको नाति, धनवहादुर विश्वकर्माको छोरा लुम्बिनी प्रदेश गुल्मी जिल्ला, रुरुक्षेत्र गाउँपालिका वडा नं. ०१ बस्ने मानवहादुर विश्वकर्माले यस शाखामा बचत खाता नं. २०९१५२४०३०००९७, २०९१५२४०७०१५९५ तथा पाल्पा शाखामा २१०३५२४२२०६८७० संचालन गर्दै आउनु भएकोमा मिति २०८२/११/१७ मा निज खातावाला मानवहादुर विश्वकर्माको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता पर्ने सकुन्दरी विश्वकर्माले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक मानवहादुर विश्वकर्माको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

**गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड**
**फोन नम्बर** :- ०७९–५२१०२९
**फ्याक्स** :- ०७९–५२११९४

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

कुलबिर वलालको नाति, वल वहादुर वलालको छोरा लुम्बिनी प्रदेश रुपन्देही जिल्ला, तिलोत्तमा नगरपालिका वडा नं. ०७ बस्ने शेर वहादुर वलालले यस शाखामा बचत खाता नं. २०९१५२४०३००२६० संचालन गर्दै आउनु भएकोमा मिति २०८२/०९/०१ मा निज खातावाला शेर वहादुर वलालको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता पर्ने मन कुमारी वलालले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक शेर वहादुर वलालको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

**गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड**
**फोन नम्बर** :- ०७९–५२१०२९
**फ्याक्स** :- ०७९–५२११९४

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

थाहा नभएकोको नाति, धनीराम मगरको छोरा लुम्बिनी प्रदेश गुल्मी जिल्ला, चन्द्रकोट गाउँपालिका वडा नं. ०४ बस्ने ईन्द्र वहादुर मगरले यस शाखामा बचत खाता नं. २०९१५२४०३०१४९७ संचालन गर्दै आउनु भएकोमा मिति २०७६/०९/१९ मा निज खातावाला ईन्द्र वहादुर मगरको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको छोरा नाता पर्ने भिम वहादुर मगरले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज ईन्द्र वहादुर मगरको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको गुल्मी शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

**गुल्मी शाखा, नेपाल एसबिआई बैंक लिमिटेड**
**फोन नम्बर** :- ०७९–५२१०२९
**फ्याक्स** :- ०७९–५२११९४

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् ।

लोडसेडिङ्को बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुखानगर, रुपन्देही,

**फोनः ९८५७०५८८१३,९८०७१८०८१३**

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

**प्रो. रामशाह शाहानी**



**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस्

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६१७८१२७५,९८०७७६०६२२

# सुकुम्वासीलाई के लखट्नै पर्दछ ?



टेकराज पौडेल

शहरका सुकुम्वासी बस्तीहरूलाई टाढाबाट हेर्दा ती केवल टिनका छाना, प्लास्टिकका बार र अस्थायी टहरा जस्ता देखिन्छन् । तर नजिकबाट हेर्ने हो भने ती प्रत्येक झुपडीभित्र एउटा मन छ–डरले थिचिएको, आशाले बाँचेको, र अपमानसँग लडिरहेको । त्यहाँ बस्ने मानिसहरू अपराधी होइनन्, अवसरबाट वञ्चित गरिएका नागरिक हुन् । उनीहरूको सबैभन्दा ठूलो पीडा भोक मात्र होइन-"मान्छे भएर पनि मान्छे जस्तो नदेखिने" अवस्था हो ।

गाउँ छोडेर शहर आउने निर्णय कसैले हल्का रूपमा लिँदैन । त्यो निर्णयमा असफल खेती, बेरोजगारी, ऋणको भारी, र सन्तानको भविष्यको चिन्ता मिसिएको हुन्छ । जब गाउँले जीवनले आधार दिन छोड्छ, शहर अन्तिम आश्रय बन्छ । शहर उनीहरूका लागि सपना होइन, संघर्षको मैदान हो–जहाँ बिहानदेखि बेलुकासम्मको पसिना बेचेर साँझको छाक जोहो गर्नुपर्छ। सडक पेटीमा सामान बेच्ने, ठेला चलाउने, सस्तो खाना बनाउने–यही हो उनीहरूको अर्थतन्त्र, यही हो जीवन ।

तर शहरले उनीहरूलाई केन्द्रमा राख्दैन; किनारामा धकेल्छ । नदी किनार, पुलमुनि, खाली जमिन–यहीँ उनीहरूको संसार बस्छ । त्यहाँ बस्नु उनीहरूको चाहना होइन, बाध्यता हो । किनकि त्यही ठाउँ काम नजिक हुन्छ, त्यहीँ आफ्नै जस्तो मान्छे भेटिन्छन्, र त्यहीँ जीवन धान्ने सानो सम्भावना रहन्छ । पक्की घर भन्दा पनि "काम नजिकको ठाउँ" उनीहरूको लागि बढी महत्वपूर्ण हुन्छ–यो कुरा बुझ्न नसक्दा हामी उनीहरूको निर्णयलाई गलत ठान्छौं ।

जब राज्यले बस्ती हटाउने निर्णय लिन्छ, त्यो केवल संरचना हटाउने निर्णय जस्तो देखिन्छ। तर त्यो निर्णयले हजारौं मनहरूमा भूकम्प ल्याउँछ । एकैछिनमा घर भत्किँदा केवल भौतिक संरचना ढल्दैन–बच्चाहरूको पढाइ टुट्छ, छिमेकीसँगको सहारा हराउँछ, र भविष्यप्रतिको विश्वास चकनाचुर हुन्छ । उनीहरूका लागि "घर" भनेको चारवटा पर्खाल मात्र होइन; त्यो उनीहरूको सुरक्षा, सम्बन्ध र आत्मसम्मानको केन्द्र हो ।

अझ गहिरो मनोवैज्ञानिक पक्ष के हो भने–किन कतिपय सुकुम्बासीहरूलाई दिइएका पक्की घरहरू पनि टिकाउ समाधान बन्न सकेनन् ? यसको उत्तर सीधा छः घरले मात्र जीवन चल्दैन । यदि नयाँ ठाउँमा रोजगारी छैन, बजार छैन, पुरानो सामाजिक सञ्जाल छैन भने पक्की घर पनि पराइ जस्तो लाग्छ । मानिसले केवल आश्रय होइन, आफ्नो "जड" खोज्छ–जहाँ ऊ काम गर्न सक्छ, जहाँ ऊ चिनिन्छ, जहाँ ऊ एक्लो हुँदैन ।

यो यथार्थ नेपालमा मात्र सीमित छैन । पाकिस्तान को कराची, भारत को मुम्बई, मेक्सिको को मेक्सिको सिटी, केन्या को नैरोबी, र दक्षिण अफ्रिका को केपटाउन–यी सबै शहरहरूमा सुकुम्वासी बस्तीहरू छन् । फरक देश, फरक भाषा, फरक संस्कृति–तर पीडा उस्तै । यसले देखाउँछ, सुकुम्बासी समस्या कुनै एक देशको असफलता होइन; यो विश्वव्यापी असमानता र असन्तुलित विकासको परिणाम हो । तर समाजको दृष्टिकोण अझै कठोर छ । सुकुम्वासीलाई हेर्ने नजरमा सहानुभूतिभन्दा बढी तिरस्कार देखिन्छ । सामाजिक सञ्जालमा उनीहरूको पीडामा हाँसो उडाउने, हटाइँदा ताली बजाउने प्रवृत्ति बढ्दो छ । यो केवल असंवेदनशीलता होइन; यो मानवीयता हराउँदै गएको संकेत हो । वास्तविकता के हो भने, शहरको अर्थतन्त्र उनीहरूको काँधमा टिकेको छ । सस्तो श्रम, दैनिक सेवा, निर्माण कार्य–यी सबैमा उनीहरूको योगदान अदृश्य भए पनि अत्यन्त महत्वपूर्ण छ ।

समाधानको बाटो केवल बस्ती भत्काउनु होइन, जीवन बनाउनु हो । राज्यले यदि साँच्चै परिवर्तन चाहन्छ भने, आवाससँगै रोजगारी, सीप विकास, साना व्यवसायका अवसर र सामाजिक सुरक्षा सुनिश्चित गर्नुपर्छ । सुकुम्वासीलाई हटाएर शहर सफा देखिन सक्छ, तर समस्या झन् गहिरो भएर अर्को ठाउँमा उम्रिन्छ ।

अन्ततः, सुकुम्वासी कुनै "समस्या" होइनन्–उनीहरू समस्याको परिणाम हुन् । उनीहरूको आँखामा हेर्दा हामीले असफल नीति, असमान समाज र बेवास्ता गरिएको मानवता देख्न सक्छौं । जबसम्म हामी उनीहरूलाई "अवैध बासिन्दा" होइन, "अधिकार भएका नागरिक" का रूपमा हेर्न सिक्दैनौं, तबसम्म कुनै पनि समाधान पूर्ण हुँदैन ।

मानिसलाई बस्ने ठाउँ मात्र होइन, बाँच्ने आधार चाहिन्छ–र त्यो आधार दिनु नै सभ्य राज्य र संवेदनशील समाजको साँचो परीक्षा हो ।

# लुम्बिनी प्रदेश सरकार आफ्नै प्रशासनिक भवनमा



दाङ । लुम्बिनी प्रदेश सरकारले आफ्नै नव निर्मित प्रशासनिक भवनबाट औपचारिक रूपमा सेवा सुरु गरेको छ । मुख्यमन्त्री चेतनारायण आचार्यले नयाँ प्रशासनिक केन्द्रबाट दैनिक कामकाजको शुभारम्भ गरेका हुन् ।

उनले संघीयताको सुदृढीकरणका लागि प्रदेश तहलाई बलियो बनाउने लक्ष्यसहित प्रशासनिक केन्द्र निर्माण गरिएको बताउँदै प्रदेशबासीका लागि गौरवको विषय भएको उल्लेख गरे । 'सात प्रदेशमध्ये लुम्बिनी प्रदेश राजधानी निर्माण, नामाकरण र प्रशासनिक केन्द्र निर्माणमा सफल भएको छ। यसले प्रदेशलाई थप उचाइमा पुऱ्याएको छ ।'-मुख्यमन्त्री आचार्यले भने ।

उनले समयमै आयोजना सम्पन्न गर्न सफल हुनु प्रदेश सरकारको महत्वपूर्ण उपलब्धि भएको पनि बताए । भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकालले प्रदेश सरकारले आफ्नै लगानीमा निर्माण गरेको भवनमा सबै मन्त्रालय सारिएको जानकारी दिँदै यसलाई अन्य प्रदेशका लागि सिकाइको उदाहरण भएको बताए ।

राप्ती गाउँपालिका-३ स्थित मण्डला आकारको प्रशासनिक केन्द्रमा मन्त्रालय, निर्देशनालय तथा अन्य विभागहरूले एकै परिसरबाट सेवा प्रवाह सुरु गरेका छन् । यसअघि स्वास्थ्य मन्त्रालय, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय तथा उद्योग, पर्यटन तथा यातायात मन्त्रालय अलग-अलग स्थानबाट सञ्चालन हुँदै आएका थिए । अब ती सबै मन्त्रालय पनि यही परिसरबाट सञ्चालन हुने प्रमुख सचिव कृष्णप्रसाद काप्रीले जानकारी दिए । उनका अनुसार नयाँ भवनबाट सेवा सुरु हुनु संघीयता कार्यान्वयनका लागि महत्वपूर्ण उपलब्धि हो ।

काठमाडौँस्थित शर्मा-सगुन जेभीले निर्माण सम्पन्न गरेको उक्त प्रशासनिक केन्द्रका लागि प्रदेश सरकारले २०७९ साल मंसिर २८ गते ठेक्का सम्झौता गरेको थियो । सोही वर्ष फागुन ३ गते स्थापना दिवसको अवसर पारेर शिलान्यास गरिएको थियो ।

प्रदेश राजधानी कार्यान्वयन एकाइका निमित्त प्रमुख इञ्जिनियर प्रदीप भट्टराईका अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसहित १० वटा मन्त्रालय भवन निर्माण सम्पन्न भएको छ । ३ अर्ब ९ करोड २९ लाख ३८ हजार ७२ रुपैयाँ लागतमा निर्माण गरिएको प्रशासनिक केन्द्र १७ बिघा १९ कट्ठा ४ धुर क्षेत्रफलमा फैलिएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाहेक अन्य ९ वटा मन्त्रालय भवन एउटै डिजाइनमा निर्माण गरिएका छन् भने मुख्यमन्त्री कार्यालयको भवन फरक संरचनामा बनाइएको छ । अन्डरग्राउन्ड पार्किङसहित ६ तलाको मुख्यमन्त्री भवनमा सेतो रङ प्रयोग गरिएको छ भने अन्य ९ वटा भवन पाँच तलाका छन् र तीमा रातो र सेतो रङ प्रयोग गरिएको छ । प्रत्येक भवनमा अलग-अलग लिफ्टको व्यवस्था गरिएको छ ।

नयाँ प्रशासनिक केन्द्र सञ्चालनमा आएसँगै सेवा प्रवाह थप सहज, प्रभावकारी र एकीकृत हुने अपेक्षा गरिएको छ ।

२०७९ मंसिर २८ गते प्रदेश सरकारले तत्कालीन राप्ती प्राविधिक शिक्षालयका भवनहरुमा मन्त्रालयको काम थालेको थियो ।

# बुटवलमा बैशाख २६ देखि महिला फुटबल प्रतियोगिता




बुटवल । बुटवलमा बैशाख अन्तिम हप्ता महिला फुटबल प्रतियोगिता हुने भएको छ । बुटवलको बीस पचहत्तर युवा क्लबको आयोजनामा बैशाख २६ गतेदेखि जेठ २ गतेगतेसम्म दोस्रो उपमेयर कप महिला फुटबल प्रतियोगिता हुन लागेको हो ।

बुटवल -७ स्थित सिद्देश्वरी खेल मैदानमा हुने प्रतियोगितामा राष्ट्रियस्तरका ८ टिमको सहभागिता रहने क्लबका अध्यक्ष सुरेन्द्र थापाले जानकारी दिए । प्रतियोगितामा भाग लिने टिमले बढीमा तीनजना विदेशी खेलाडी राखेर खेलाउन सक्ने थापाले बताए । उपाधि जित्ने टोलीले दुई लाख ५० हजार, उपविजेताले १ लाख २५ हजार नगद पुरस्कार प्राप्त गर्नेछन् । त्यस्तैगरी सर्वोत्कृष्ट खेलाडीले २५ हजार, उत्कृष्ट फरवार्डले १० हजार, उत्कृष्ट गोलरक्षकले १० हजार, उत्कृष्ट डिफेन्सले १० हजार, उत्कृष्ट कोचले १० हजार र प्रत्येक दिनको म्यान अफ दि म्याचले ५ हजार पुरस्कार पाउने छन् ।

प्रतियोगितामा पहिलो संस्करणको विजेता ट्रिनिटी क्लब स्याङ्जा, उपविजेता कपिलवस्तु ११ सहित पदमा स्पोर्टस् क्लब ओखलढुंगा, आरएस क्लब पोखरा, नेपाल पुलिस क्लब, आयोजक बीस पचहत्तर युवा क्लब संकटा क्लब र मकवानपुर फुटबल एकेडेमी हेटौडा सहभागिता हुने क्लबका दीपक गुरुङले जानकारी दिए ।

प्रतियोगिता सम्पन्न गर्न बुटवल उपमहानगरपालिकाले १० लाख रुपैयाँ र वडाले समेत केही वजेट दिने बुटवल-७ का वडा अध्यक्ष पदमराज गाहाले बताए ।

क्लबले बुटवलमा राष्ट्रियस्तरको महिला फुटबल आयोजना गर्नु सकारात्मक भएको बताए ।

# बीपीसीको ट्रान्सफर्मर बिग्रिदा विद्युत्‌विहिन बन्दै १३ हजार उपभोक्ता

श्रीकृष्ण सिग्देल
स्याङ्जा

१९ गते रातीदेखि विद्युत् सेवा अवरुद्ध हुँदा स्याङ्जाका १३ हजार उपभोक्ता मर्कामा परेका छन् । बुटवल पावर कम्पनीको वालिङ स्थित मिर्दी सवस्टेसनमा रहेको ट्रान्सफर्मरमा समस्या आएपछि १३ हजार उपभोक्ता विद्युतीय सेवाबाट मर्कामा परेका हुन् । कम्पनीसगँ वैकल्पिक ट्रान्सफर्मर नहुँदा ३ दिनदेखी विद्युत् सेवा ठप्प भएको छ ।

मिर्दी सबस्टेसनमा रहेको ३३/११ केभी, ३ एमभिए क्षमताको ट्रान्सफर्मर गत बैशाख २० गते अचानक बिग्रिएको बीपीसीले जनाएको छ । बिग्रिएको ट्रान्सफर्मर मर्मतगर्न झण्डै २५ दिन लाग्ने भएपछि विकल्पका लागि विद्युत् प्राधिकरणसँग सहयोग मागेको बीपीसीले जानकारी दिएको छ । ग्राहकको विद्युत् आपूर्ति सुचारु गर्न बीपीसीले प्राधिकरणसँग ३ एमभिएको ३/११ केभी ट्रान्सफर्मर अथवा ५ एमभिएको १ थान ट्रान्सफर्मर २५ दिनका लागि उपलब्ध गराइदिन अनुरोध गरेको कम्पनीका प्रमुख कार्यकारी अधिकृत उत्तमकुमार श्रेष्ठले बताए ।

लामो समय विद्युत् आपूर्ति नहुँदा सेवाग्राहीमा समस्या हुने देखिएपछि विकल्पका लागि विद्युत् प्राधिकरणसँग नियमाअनुसार सहयोग मागेको श्रेष्ठले बताए । प्राधिकरणले ट्रान्सफर्मर उपलब्ध गराइदिएमा बुधवारसम्म विद्युत् आपूर्ति हुने उनले बताए । विद्युत् अवरुद्ध हुँदा वालिङ नगरपालिका, गल्याङ नगरपालिकाका केही वडा र भीरकोट नगरपालिकाका १३ हजार ग्राहक प्रभावित भएका छन् । गर्मी बढेसँगै खानेपानी, सञ्चार र उद्योग व्यवसायमा समेत असर परेको स्थानीयको गुनासो छ ।

विद्युत् सेवा नभएपछि इलाका प्रशासन कार्यालय, वालिङ मालपोत कार्यालय, नापी कार्यालयलगायत तीन स्थानीय सरकारका काम समेत प्रभावित भएका छन् । सरकारी निकायसगै साना उद्योगी व्यवसायी, खानेपानी, संचारक्षेत्र, बैंक तथा वित्तीय संस्थाहरु समेत नराम्रोसगँ प्रभावित बन्न पुगेका छन् । ग्राहकले समयमै बिल नतिरे जरिवाना लिने बीपीसीले विद्युत् सेवा लामो समय अवरुद्ध गर्दा जरिवाना हुन्छ की हुँदैन भन्दै नागरिकहरुले सामाजिक सञ्जालमा प्रश्न गरेका छन् । विद्युत् सेवा प्रभावित बनाउने कम्पनीलाई कारबाही गर्न मिल्ने वा नमिल्ने भन्ने विषयमा न्याय दिने अधिकार विद्युत् नियमन आयोगलाई दिएको छ । विद्युत् नियमन आयोगले 'विद्युत् खरिद बिक्री तथा अनुमति प्राप्त व्यक्तिले पालना गर्नुपर्ने शर्तसम्बन्धी नियमावली, २०७६' अनुसार वितरण कम्पनीले गुणस्तरीय र निरन्तर सेवा दिनुपर्ने शर्त छ ।

विद्युत् नियमन आयोगमा सेवाग्राहीले उजुरी दिएमा त्यस्ता कम्पनीलाई छानबिन गरी क्षतिपूर्ति वा जरिवाना गराउन सक्ने व्यवस्था रहेको छ । झण्डै ३ दिनदेखी विद्युत् सेवा अवरुद्ध हुँदा विद्युत् नियमन आयोगले समेत चासो नदेखाएको गुनासो स्याङ्जावासीको छ ।

आयोगका सूचना अधिकारी हरिबहादुर खत्रीका अनुसार अहिलेसम्म बीपीसीले विद्युत् अवरुद्ध भएको विषय जानकारी गराएको वा नगराएको आफूलाई थाहा नभएको बताए ।

कुनै पनि कम्पनीले विद्युत् सेवा अवरुद्ध हुँदा समयमै आयोगमा जानकारी दिनुपर्ने व्यवस्था छ । तर अहिलेसम्म जानकारी दिएको वा नदिएको भन्ने विषय सूचना अधिकारी खत्रीले भन्न सकेनन् ।

यो विषयमा बीपीसीलाई कस्तो कारबाही हुन्छ भन्ने प्रश्नमा सूचना अधिकारी खत्रीले अहिले आयोगका पदाधिकारीहरु पदमुक्त भएको अवस्था रहेकाले भन्न नसकिने बताए । साँच्चिकै बीपीसीले उपभोक्तालाई मर्कामा पारेको रहेछ भने नियमानुसार कारबाही हुने उनले बताए ।

# उद्योग व्यापार महासंघ अध्यक्षमा पराजुली



बुटवल । नेपाल उद्योग व्यापार महासङ्घको चौथो वार्षिक साधारण सभा तथा दोस्रो राष्ट्रिय महादिवेशनबाट बुटवलका उद्योगी खिमनारायण पराजुली अध्यक्ष पदमा निर्वाचित भएका छन् ।

आइतबार नवलपुर गैंडाकोटमा सम्पन्न दोस्रो राष्ट्रिय अधिवेशनले पराजुलीको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मतरूपमा निर्वाचित गरेको हो ।

महासंघको निवर्तमान अध्यक्ष खिमलाल भण्डारी, वरिष्ठ उपाध्यक्षमा यज्ञप्रसाद पन्त, उद्योग उपाध्यक्षमा दामोदर नेपाल, वाणिज्य उपाध्यक्षमा लोकजंग लामा, बस्तुगत उपाध्यक्षमा शिवराज दुवाडी , एशोसिएट उपाध्यक्षमा दिपेन्द्र विष्ट, खुल्ला उपाध्यक्षमा उपेन्द्र चौधरी, रामसुन्दर विके, प्रकाश पाण्डे, जनकराज पराजुली, महिला उपाध्यक्षमा कल्पना शर्मा निर्वाचित भएका छन् ।

यस्तै महासचिवमा सूर्य थापा, कोषाध्यक्षमा आशीष कार्की, उपमहासचिवमा कुमार थापा, सचिवहरूमा चेतबहादुर खड्का, मिनराज भण्डारी, प्रेम सुनार, तपेन्द्र प्रसाद जोशी, केदारनाथ अधिकारी,सहकोषाध्यक्षमा नेत्र प्रसाद आचार्यसहित ९९ सदस्यीय केन्द्रीय कार्य समिति निर्वाचित भएको नवनिर्वाचित अध्यक्ष पराजुलीले जानकारी दिए ।

यस्तै केन्द्रीय सदस्यहरुमा रुपन्देहीबाट गोविन्दराज गैरे, लोकनाथ पन्थी, पुष्पराज ढकाल, प्रेम जीएम, गोबिन्द ठडराई, पश्चिम नवलपरासीबाट राजु न्यौपाने, कपिलवस्तुबाट खिमानन्द पौडेल र टोपनारायण बेल्बासे निर्वाचित भएका छन् ।

राम्रो घडेरी बिक्रीमा
तिलोत्तमा–१ शंकरनगर प्यारामाउण्ट स्कुलको पूर्वपट्टी उत्तरतर्फ २० फिट र पूर्वतर्फ २२ फिटको बाटोमा मोहडा पर्ने एक कट्ठा जग्गा खरिद गर्न चाहनेले तुरुन्तै सम्पर्क गर्नुहोला ।
सम्पर्क नम्बरः ९८०१८२७९५०

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरु
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स
भएको भवन) फोनः- ०७१५४२५७१

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com